# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरू

| आयोगको बैठक संख्याः ७९ | निर्णय मितिः २०८१/०१/२५ |
|---|---|

## निर्णय नं.: ७९

## आर्थिक वर्ष २०८१/८२ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण र सिफारिस सम्बन्धमा

(क) नेपालको संविधान र प्रचलित कानून बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा संलग्न सिफारिसमा उल्लेख भए बमोजिम निर्धारण गर्ने,

(ख) सीमा र सुझाव सहितको संलग्न सिफारिस स्वीकृत गर्ने र स्वीकृत विवरण नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सिफारिस गरी कार्यान्वयनका लागि लेखी पठाउने।

## निर्णय नं.: ८०

## आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतको परिचालनबाट संकलन हुने रोयल्टीको सम्बन्धित प्रदेश सरकार तथा स्थानीय सरकारबीच बाँडफाँट गर्न नेपाल सरकारलाई हिस्सा सिफारिस गर्ने सम्बन्धमा

(क) नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ मा भएको व्यवस्था अनुसार निश्चित आधार र ढाँचा बमोजिम प्रदेश सरकार तथा स्थानीय तहलाई प्रभावको अनुपातको आधारमा आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी रकम बाँडफाँटको हिस्सा संलग्न प्रस्ताव बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने।

(ख) निर्णय (क) बमोजिमको सिफारिस कार्यान्वयन गर्न अर्थ मन्त्रालयमार्फत नेपाल सरकारलाई लेखी पठाउने।

(ग) निर्णय (क) बमोजिम नेपाल सरकारलाई गरिएको सिफारिससँग सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हिस्सा निर्धारण गर्दा प्रयोग गरिएको तथ्यांक सहितको हिस्सा सम्बन्धी विवरणहरु आयोगको वेवसाईटमार्फत सार्वजनिकीकरण गर्ने। उक्त विवरणप्रति कुनै स्थानीय तह वा प्रदेशको गुनासो भएमा सार्वजनिकीकरण गरेको मितिले सात दिनको समय भित्र लिखितरुपमा प्राप्त गर्ने र प्राप्त गुनासो उपर आवश्यकता अनुसार थप अध्ययन गरी सुधार गर्नुपर्ने देखिएमा रोयल्टी बाँडफाँड गर्नु अगावै महालेखा नियन्त्रकको कार्यालयलाई लेखि पठाउने। प्राप्त गुनासो सम्बन्धमा विस्तृत अध्ययन गर्नु पर्ने तथा स्थलगत अनुगमन गर्नु पर्ने अवस्था देखिएमा सो सम्बन्धी हिस्सा संशोधन आगामी आर्थिक वर्षमा गर्ने।

## निर्णय नं.: ८१

## आयोगका पदाधिकारीहरुको कार्यविभाजन परिमार्जन सम्बन्धमा

(क) आयोगको मिति २०७८/०७/११ को निर्णयअनुसार भएको यस आयोगका पदाधिकारीहरूको कार्यविभाजनलाई परिमार्जन गर्न परिमार्जनको मस्यौदा तयार गरी माननीय अध्यक्ष समक्ष पेश गर्ने जिम्मेवारी माननीय सदस्य जुद्ध बहादुर गुरुङलाई दिने। माननीय अध्यक्ष र माननीय सदस्यहरूले आफ्नो राय सुझाव माननीय जुद्ध बहादुर गुरुङलाई तीन दिन भित्र लिखित रुपमा उपलब्ध गराउने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग